प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
# प्रदेश लेखा नियन्त्रक कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
☎०५७-५२१८०७

मितिः २०७८/०३/२२

प.सं.: २०७७।०७८
च.नं.: ८८६

विषयः भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री ..........................कार्यालय सबै ।
बागमती प्रदेश, मकवानपुर ।

प्रस्तुत विषयमा "प्रदेश आर्थिक कार्यविधि" नियमावली, २०७६ मा पहिलो संशोधन भई उक्त नियमावलीको नियम ३४ मा आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नु पर्ने सम्बन्धमा देहाय वमोजिम व्यवस्था भएकोले सो अनुसार कार्यान्वयन हुनका लागि अनुरोध छ ।

१. उपनियम (१) मा कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने भएकोले २०७८।०३।२४ गते भित्र निकासा बन्द गर्ने ।

२. उपनियम (२) मा व्यवस्था भए अनुसार उपनियम (१) वमोजिमको अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको श्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परि खर्च गर्नु परेमा त्यस्तो खर्च पुस्ट्याई गर्ने बिल, भर्पाई, बजेट थप भएको प्रमाण र अन्य आवश्यक कागजात सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गरि भुक्तानी निकासा माग गर्न सकिनेछ । त्यसरी भुक्तानी निकासा माग भई आएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले प्राप्त बिल, भर्पाई र सो साथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्ने व्यवस्था भएकोले २०७८।०३।२४ गते पछि कार्यक्रम संशोधन, थप बजेट प्राप्त, श्रोत परिवर्तन भएको पुष्ट्याई र अति आवश्यक हो भनि कार्यालयको सिफारिश, बिल, भर्पाई सहित मात्र पेश गर्ने व्यवस्था हुन ।

३. उपनियम (३) मा आर्थिक वर्षको अन्तिम दिन हिसाव मिलान गर्ने तथा खर्च लेखि राजश्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक निकासा भुक्तानी सम्बन्धि अन्य कारोबार हुने छैन भन्ने व्यवस्था भएकोले २०७८।०३।३१ गते समायोजन र राजश्व खातामा जम्मा हुने भुक्तानी आदेश मात्र पठाउनु हुन ।

४. मिति २०७८।०३।२४ गते पछि भुक्तानी आदेश पठाउँदा अनिवार्य रुपमा आर्थिक प्रशासन प्रमुखले आफैं उपस्थित भई माथि उल्लेखित कागजातहरु सहित प्रणालीमा पठाईएका भुक्तानी आदेश प्रदेश लेखा नियन्त्रक कार्यालय मा पठाउने व्यवस्था हुन ।

(हरि प्रसाद उपाध्याय)
प्रदेश लेखा नियन्त्रक

बोधार्थः
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री महालेखा नियन्त्रक कार्यालय (कोष प्रशासन शाखा), अनामनगर, काठमाण्डौ ।